# मंगला गाउँपालिकाको विनियोजन ऐन, २०७६

(स्वीकृत मितिः २०७६/०३/१५)

मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

# मंगला गाँउपालिकाको विनियोजन ऐन २०७६

मंगला गाँउपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** मंगला गाँउपालिकाको आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा )२) बमोजिम मंगला गाँउ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

)१) यस ऐनको नाम "मगला गाउँपालिको विनियोजन ऐन, २०७६" रहेको छ ।

)२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाँउका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लिखित चालु खर्च, पूजीँगत खर्च, शर्सत अनुदान र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३५०३९१६००।– अक्षेरुपी) पैतिस करोड तिन लाख एकानव्ये हजार छ सय रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।७७ को निमित्त मंगला गाँउकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च व्याज जनाउन सकिनेछ । पूजीँगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुत्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूजीँगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाँउसभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसुची १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९(२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्रस. | शिर्षकको नाम | चालु खर्च | पुँजिगत | शशर्त | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| २ | गाउँपालिका | ५८१00000-/ | ११00२२000-/ | 0 | १६८१२२000/- |
| ३ | विषयगत शाखा | 0 | 0 | १३८७00000-/ | -/१३८७00000 |
| ४ | ऋणको सावा व्याज भुक्तानी | 0 | 0 | 0 | 0 |
| ५ | सामाजिक सुरक्षा | ४३५६९६00-/ | 0 | 0 | ४३५६९६00-/ |
| | कुल जम्मा | १0१६६९६00/- | ११00२२000/- | १३८७00000/- | ३५0३९१६00/- |

उल्लेखित रकममा सामाजिक सुरक्षा भत्ता रकम तथा जन सहभागीता वापत हुने रकमलाई डाटाको आधारमा समावेश गरिएको छ ।